जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: ३५ पृष्ठ: ४ | २०८३ जेठ ११ सोमबार (Monday 25 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बरियारपट्टी छोटी भन्सार कायमको माग गर्दै सोमबारदेखि जिरोमाईलमा चक्काजाम



लहान, १० जेठ। सिरहाको बरियारपट्टी छोटी भन्सार कार्यालय कायम राख्न माग गर्दै आन्दोलनरत पक्षले भोलिदेखि पूर्व–पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत जिरोमाईल चौकमा चक्काजाम गर्ने घोषणा गरेका छन्। आन्दोलनकारीहरूले बरियारपट्टी छोटी भन्सार हटाउने तयारीप्रति असन्तुष्टि जनाउँदै चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरेका हुन्। उनीहरूले आज गाउँ–गाउँमा सूचना जारी गर्दै स्थानीय सर्वसाधारण, व्यापारी, यातायात व्यवसायी तथा युवाहरूलाई आन्दोलनमा सहभागी हुन आह्वान गरेका छन्।

आन्दोलनकारीहरूको भनाइ अनुसार बरियारपट्टी छोटी भन्सार स्थानीय व्यापार, राजस्व संकलन तथा सीमावर्ती क्षेत्रको आर्थिक गतिविधिसँग प्रत्यक्ष जोडिएको विषय भएकाले कार्यालय हटाइए क्षेत्रको व्यापार व्यवसायमा ठूलो असर पर्नेछ। उनीहरूले सरकारले स्थानीय जनभावना विपरीत निर्णय गर्न खोजेको आरोप समेत लगाएका छन्। भोलिदेखि सुरु हुने चक्काजाम कार्यक्रम जिरोमाईल चौक केन्द्रित हुने जनाइएको छ। आन्दोलनकारीहरूले पूर्व–पश्चिम राजमार्ग अवरुद्ध गर्दै दबाब सिर्जना गर्ने रणनीति लिएका छन्। चक्काजामका कारण सिरहा लगायत मधेश प्रदेशका विभिन्न जिल्लामा यातायात सेवा प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

स्थानीय बासिन्दाहरूले पनि बरियारपट्टी छोटी भन्सार कायम रहनुपर्ने माग राख्दै आन्दोलनमा ऐक्यबद्धता जनाउन थालेका छन्। विभिन्न गाउँमा माइकिङ, पर्चा वितरण तथा जनभेटघाटमार्फत आन्दोलनको सूचना फैलाइएको बताइएको छ। यता प्रशासनले भने आन्दोलन शान्तिपूर्ण बनाउन आग्रह गरेको छ। सुरक्षा निकायले सम्भावित अवस्था मध्यनजर गर्दै जिरोमाईल क्षेत्रको सुरक्षा व्यवस्था कडा पार्ने तयारी गरेको जनाएको छ। आन्दोलनकारीहरूले सरकारसँग तत्काल वार्ता गरी बरियारपट्टी छोटी भन्सार यथावत राख्ने निर्णय गर्न माग गरेका छन्। माग सम्बोधन नभएसम्म आन्दोलनलाई अझ सशक्त बनाइने चेतावनी समेत दिएका छन्।

## दलित महिलालाई कुटपिट गरेको आरोपमा रास्वपा नेता पक्राउ




**ज्ञान कुमार राय**

सिरहा, १० जेठ। सिरहामा दलित महिलालाई कुटपिट गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। नरहा गाउँपालिका ३ का ६० वर्षीया फूलकुमारी मण्डललाई कुटपीट गरेको आरोपमा स्थानीय करिव ५५ वर्षीय पवित्रनारायण यादवलाई प्रहरीले शनिबार बेलुका नयाँ चोहर्वाबाट पक्राउ गरेको हो। मण्डललाई गत वैशाख २७ गते अपराह्न निर्घात कुटपिट गरेका थिए। प्रहरीका अनुसार, भैंसी आफ्नो खेतमा गएको भन्दै मण्डलमाथि कुटपिट गरेको कुरा पीडितले जाहेरीमा उल्लेख गरेकी छन्।

पीडितले अभद्र व्यवहारसम्बन्धी कसुरमा दिएको जाहेरीका आधारमा जिल्ला प्रशासन कार्यालय सिरहाबाट पक्राउ पुर्जी लिएर उनलाई चोहर्वाबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनलाई हिरासतमा राखेर थप अनुसन्धान प्रहरीले गरिरहेको छ। यादव राष्ट्रिय स्वतन्त्र पार्टीका स्थानीय नेता हुन्।

साथी लोभ्याउँछ एकचोटी, पछि तिमी खान्छौ आफै
कति चोटीदृढ बनौ, इन्कार गरौं, दुर्व्यसनबाट टाढा रहौं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं।**

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्को उपचार उपलब्ध हुन्छ।
- समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## माइतीघरमा प्रदर्शन

काठमाडौं, १० जेठ। जात व्यवस्थाले निम्त्याएको तहगत उत्पीडन, शृंखलाबद्ध हत्या र ऐतिहासिक थिचोमिचो विरुद्ध काठमाडौंको माइतीघर मण्डलामा विद्रोह प्रतिरोधात्मक प्रदर्शन भएको छ। जात व्यवस्था उन्मूलन मोर्चा नेपाल प्रथम राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजनमा भएको सो र्‍यालीमा देशैभरबाट उत्पीडित नागरिक, बौद्धिक समुदाय र मानवअधिकारकर्मीहरू सहभागी छन्। यो ऐतिहासिक विद्रोह दिवसको घोषणा ६ वर्षपहिले प्रेम विवाहकै कारण रुकुम सोतीमा निर्मम र अमानवीय रूपमा मारिएका नवराज विक लगायत ६ जना युवाको सम्मान र न्याय खोज्ने प्रतिरोधको रूपमा गरिएको थियो।

# सम्पादकीय

## सगरमाथालाई धेरै नसताऊ

यस वर्षको गर्मी याममा एकै दिनमा २७४ जनाभन्दा बढी आरोहीहरू विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पुगेर कीर्तिमान कायम गरे। यही क्रममा यही आरोहण याममा ५ जना आरोहीले ज्यान पनि गुमाए। यसैले ३२ पटक सगरमाथा आरोहण गर्ने कीर्तिमानी आरोही कामीरिता शेर्पाले समेत 'आरोहणमा केही नियन्त्रण गर्नुपर्ने र गुणस्तरीय आरोहीलाई मात्र अनुमति दिनुपर्ने' भनेको हुनुपर्छ।

दुनियाँका लागि सगरमाथा ८ हजार ८४९ मिटर अग्लो भूगोलको एउटा विन्दुमात्र हुनसक्छ। तर, खुम्बु क्षेत्रका शेर्पा समुदायका लागि चोमोलुङ्मा (सगरमाथा) पवित्र माता मानिने आस्थाको केन्द्र हो। तर, सगरमाथा र यस क्षेत्रका बासिन्दाको दीर्घकालीन हितको बेवास्ता गरी धान्न सक्नेभन्दा बढीलाई आरोहण अनुमति दिने क्रम भने नेपाल सरकारले जारी नै राखेको छ।

आरोहणमा बढ्दो भिडका कारण उत्पन्न जोखिमले सगरमाथाको दिगो भविष्यमाथि गम्भीर प्रश्न खडा भएको छ। सगरमाथासँग नेपालको पहिचानसँगै संस्कृति र पर्यावरणीय हित पनि जोडिएको यथार्थप्रति राज्य कहिल्यै गम्भीर भएको देखिएन। नेपालतर्फबाट एकै दिनमा २७४ जनाभन्दा बढी आरोहीहरू चुचुरोमा पुग्दा जोखिमपूर्ण 'डेथ जोन'मा घन्टौं कुर्नुपरेको समाचारले योजनाविहीन आरोहणको चिन्ताजनक स्थिति देखाएको छ।

उत्तरतर्फबाट अर्थात् चीनको तिब्बतको बाटोबाट पनि सगरमाथा शिखरमा आरोहण गर्न सकिन्छ। तर, वातावरणीय संरक्षण, स्वच्छता र फोहोर व्यवस्थापन प्रणालीलाई महत्त्व दिएर उत्तरी मोहोढाबाट अहिले अन्तर्राष्ट्रिय आरोहण रोकिएको छ। हुनत, तिब्बतको बाटो रोकिएपछि धेरै अन्तर्राष्ट्रिय आरोहीहरू नेपालतिर आउका पनि होलान् तर नेपालले भने दक्षिण मोहोडामा पर्ने क्षमताभन्दा बढी चापलाई उपेक्षा गरेको देखियो।

नेपाल सरकारले ४९४ भन्दा बढी आरोहण अनुमति जारी गरेर राजस्व संकलनमा त कीर्तिमान बनायो होला तर आरोहीको असुरक्षा र पवित्र चोमोलुङ्मा फोहोर तथा पर्यावरणीय चाप पनि धान्न सकिने क्षमताभन्दा बढी नै बढायो। सगरमाथा संसारभरका आरोहीहरूको लागि रोमाञ्चक चुनौती होला तर नेपालका लागि पहिचान र जीवन पनि हो।

यसैले अब नेपालले पनि सगरमाथाका साथै सम्पूर्ण हिमालको पर्यावरण जोगाउन चीनको जस्तै नियन्त्रित वा न्युजिल्यान्डको जस्तो 'जिम्मेवार' आरोहणको अवधारणा अपनाउन ढिला गर्नु हुँदैन। अब पैसा बुझाउने सबैलाई आरोहण अनुमति दिने 'अनियन्त्रित' होइन 'दिगो र व्यवस्थित' आरोहणको व्यवस्था गर्नै पर्छ।

हिमालको यो सांस्कृतिक, धार्मिक मूल्य र प्राकृतिक सन्तुलन कायम राख्न न्युजिल्यान्ड र इक्वेडरको जस्तै प्रकृतिलाई कानुनी व्यक्तिको दर्जा दिने 'अभिभावकत्व अवधारणा' नेपालका लागि सान्दर्भिक हुन सक्छ। सगरमाथालाई कानुनी व्यक्तिको दर्जा दिँदा चोमोलुङ्माको सम्मानका साथै शेर्पा समुदायको अपनत्व पनि हुन्छ। हुन पनि हामी प्रकृतिका मालिक त होइनौ। प्रकृति त भविष्यका लागि पुर्खाले छाडेर गएको नासो हो र यो पुस्ता त्यसको संरक्षक हो।

सगरमाथा लगायत हिमाली क्षेत्रलाई स्वच्छ र सुरक्षित राख्ने अहिलेसम्मका सीमित प्रयासहरू पनि सफल भएनन्। यसबाट पनि स्पष्ट हुन्छ आधारभूतरूपमै आरोहीहरूको संख्या सीमित गर्ने र गुणस्तरीय आरोहीलाई मात्र अनुमति दिने नीति नअपनाउँदासम्म सगरमाथाको मानवीय र पर्यावरणीय संकट टर्दैन।

तसर्थ, राज्यले पैसामात्र नहेरी हिमालको संवेदनशीलता, सुरक्षा र गरिमा अक्षुण्ण राख्न आवश्यक नियन्त्रित कदम चाल्नै पर्छ। सगरमाथालाई यथार्थमै संसारको माथा र विश्वव्यापी संरक्षणको प्रतीक बनाउन सके नेपालको पनि कीर्तिमान कायम हुन्छ।

# जिम्मेवारीको रिक्तता : दोषारोपणको चक्र कहिलेसम्म ?

## कुनै पनि देशको विकास र राजनीतिक स्थिरताका लागि शक्तिशाली नेता वा ठूलाठूला नाराहरूले मात्र पुग्दैन

**सुरेन्द्र नेपाल श्रेष्ठ**

आजभोलि विश्व राजनीतिमा "परिवर्तन" शब्दको चर्चा जतातते सुनिन्छ। यो सुन्दा जति राम्रो लाग्छ व्यवहारमा उतार्न त्यति नै गाह्रो छ। प्रत्येक राजनीतिक दलले परिवर्तनको नारा दिइरहेको हुन्छ। हरेक आन्दोलनले माग यही हुन्छ भने सबै नागरिक समाज र देश परिवर्तनको आशामा बाँचिरहेका हुन्छन्। तर, जब परिवर्तनको लागि कसले जिम्मेवारी लिने भन्ने प्रश्न आउँछ सबैले एकअर्कातिर औँला सोझ्याउन थाल्छन्। सरकारलाई सराप्ने, राजनीतिक दलहरूको उछित्तो काढ्ने, प्रशासन भ्रष्ट छ भन्ने अनि समाजै खत्तम भयो भनेर दोष दिने चलन व्याप्त छ। तर, आफूले चाहिँ के गरिरहेको छु भनेर हेर्ने मान्छे कमै भेटिन्छन्। राजनीतिक भाषामा यसलाई "जिम्मेवारीबाट पन्छिने" प्रवृत्ति भनिन्छ। यहाँ समस्या सबैले देख्छन् तर समाधानको लागि अघि सर्ने र जिम्मेवारी लिने मान्छे भेट्टाउन भने मुस्किल पर्छ। यस्तो प्रवृत्तिले लोकतान्त्रिक संस्कारलाई कमजोर बनाउँछ र परिवर्तनको प्रक्रियालाई भाषणमा सीमित राख्छ।

देशलाई सरकारको रूपमा मात्र बुझ्ने सोच राजनीतिक दृष्टिले पनि गलत हो। देश भनेको प्रधानमन्त्री, मन्त्री वा सरकारमात्र होइन। यो त सरकार, संसद्, अदालत, प्रशासन, राजनीतिक दल, मिडिया, नागरिक समाज र व्यक्ति नागरिक मिलेर बनेको एउटा संरचना हो। देश विभिन्न संस्थाहरू र सामाजिक शक्तिहरूबीचको अन्तरक्रियाबाट चल्ने प्रणाली हो। त्यसैले कुनै पनि देशको सफलता वा असफलतालाई नेतासँग जोडेर हेर्नु सही विश्लेषण होइन।

उदाहरणको लागि कुनै देशमा भ्रष्टाचार छ भने त्यो मन्त्री वा कर्मचारीको मात्र बदमासी होइन। यो कमजोर प्रणाली, राजनीतिक संरक्षण, कानुनको फितलो कार्यान्वयन र सामाजिक सहनशीलताको कारणले भएको हो। त्यसैले देशको असफलता एउटामात्र कारणले नभई संरचनागत कमजोरीले हुने मानिन्छ। लोकतन्त्रको जग व्यक्तिगत जिम्मेवारी हो। तर नागरिकहरू अधिकारको उपभोगमा त रमाउँछन् कर्तव्यको बारेमा भने सोच्नै बिर्सन्छन्। लोकतन्त्र भनेको भोट हाल्ने मेसिनमात्र होइन। यो नागरिकहरूको सक्रिय सहभागिता, सामाजिक उत्तरदायित्व र राजनीतिक चेतनाको प्रणाली हो। नागरिकहरूले कानुन मिच्नुलाई सामान्य ठान्छन्, सार्वजनिक सम्पत्तिको दुरुपयोगमा आँखा चिम्लिन्छन्, कर छल्नुलाई चलाखी ठान्छन र गलत नीतिको विरोध गर्न डराउँछन् भने देश कमजोर हुन्छ। यस्तो अवस्थामा नेतालाई मात्र दोष दिएर पुग्दैन। किनभने समाज पनि समस्याको एउटा हिस्सा बनिसकेको हुन्छ।

जापान एउटा राम्रो उदाहरण हो। दोस्रो विश्वयुद्धमा तहसनहस भएको जापानले आर्थिक सहयोग वा सरकारी योजनाबाट मात्र पुनर्निर्माण गरेको होइन। त्यहाँ नागरिक अनुशासन, समयको पालना, इमानदारी र सामूहिक जिम्मेवारीलाई राष्ट्रिय संस्कृतिका रूपमा विकास गरियो। सानैदेखि सार्वजनिक सम्पत्तिको सम्मान गर्न र सामाजिक उत्तरदायित्व निर्वाह गर्न सिकाइने संस्कृतिले जापानलाई विश्वकै व्यवस्थित र विकसित समाज बनायो। यसले परिवर्तन सरकारबाट मात्र होइन नागरिकको आचरणबाट पनि सुरु हुन्छ भन्ने देखाउँछ।

राजनीतिक दलहरू लोकतन्त्रका खम्बा हुन्। किनभने तिनले नागरिक र राज्यबीच पुलको काम गर्छन्। तर जब दलहरू विचारमा आधारित नभई व्यक्तिमा आधारित हुन्छन् तब लोकतन्त्र कमजोर हुन्छ। दक्षिण एसियाली राजनीतिमा दलहरू गुटबन्दी, परिवारवाद, अवसरवाद र व्यक्तिपूजाबाट ग्रस्त छन्। नीति र विचारभन्दा व्यक्ति र तत्कालको सत्ता समीकरणलाई प्राथमिकता दिने प्रवृत्तिले दीर्घकालीन योजना बनाउन गाह्रो हुन्छ। नेपालमा सरकार परिवर्तनसँगै नीति परिवर्तन हुने, प्रशासनिक नेतृत्व फेरिने र संस्थागत निरन्तरतामा समस्या आउने प्रवृत्तिले राज्य प्रणालीलाई कमजोर बनाएको छ। तर बेलायत, जर्मनी, नर्वे वा स्विडेनजस्ता विकसित देशहरूमा राजनीतिक दलहरू बलिया छन्। त्यहाँ नेता परिवर्तन भए पनि नीतिहरूमा खासै परिवर्तन हुँदैन जसले राज्यलाई स्थिर र विश्वसनीय बनाउँछ। यसले राजनीतिक स्थिरता बलियो व्यक्तिबाट होइन बलियो संस्थाबाट निर्माण हुन्छ भन्ने प्रमाणित गर्छ।

राज्यको स्थायित्वको लागि "संस्थागत विश्वास" पनि एकदमै महत्त्वपूर्ण छ। लोकतन्त्र त्यतिबेला मात्र फस्टाउँछ जब नागरिकहरूले अदालत, संसद्, प्रशासन, प्रहरी र निर्वाचन प्रणालीमा विश्वास गर्छन्। संस्थाप्रतिको विश्वास कमजोर भए कानुनको सम्मान घट्छ, भ्रष्टाचार बढ्छ र पहुँच हुनेले जे पनि गर्न सक्छ भन्ने अवस्था आउँछ। राज्यको शक्ति कानुन वा बल प्रयोगबाट मात्र टिक्ने होइन। यो नागरिकको स्वीकृति र विश्वासमा आधारित हुन्छ। सिंगापुरले भ्रष्टाचार नियन्त्रण र सुशासनमा सफलता पाउनुको कारण कठोर कानुनमात्र नभएर राजनीतिक इच्छाशक्ति, प्रशासनिक पारदर्शिता र संस्थागत नैतिकता पनि हो। त्यहाँ राज्यले भ्रष्टाचारविरुद्ध "शून्य सहनशीलता" को नीति अपनायो र प्रशासनिक संरचनालाई निष्पक्ष बनायो। परिणामस्वरूप, संस्थागत विश्वास बलियो भयो भने नागरिक तथा राज्यबीच सहकार्य पनि बढ्यो।

रुवान्डाको उदाहरण पनि राजनीतिक पुनर्निर्माणका लागि महत्त्वपूर्ण छ सन् १९९४ को लाखौं नागरिकहरूको नरसंहारपछि ध्वस्त भएको देशले सरकार परिवर्तन गरेरमात्र पुनर्निर्माण गरेको होइन। त्यहाँ सामाजिक मेलमिलाप, साझा जिम्मेवारी र संस्थागत पुनर्गठनलाई प्राथमिकता दिइयो। सरकारले नागरिकलाई दोष दिने प्रवृत्ति हटाएर "हामी सबै मिलेर भविष्य निर्माण गर्नुपर्छ" भन्ने भावनालाई अघि बढायो। यसले ठूलो सङ्कटबाट गुज्रिएको समाजको पनि साझा उत्तरदायित्व र संस्थागत सुधारमा ध्यान दिने हो भने पुनर्निर्माण सम्भव छ भन्ने देखायो।

नेपाल र अन्य दक्षिण एसियाली देशहरूमा देखिने मुख्य समस्या "जिम्मेवारीको रिक्तता" हो। यहाँ नागरिकले सरकारलाई दोष दिन्छन्, सरकारले विपक्षीलाई, विपक्षीले प्रणालीलाई र अन्त्यमा प्रणाली फेरि नागरिकतिरै सोझिन्छ। यसले एउटा कहिल्यै नसकिने दोषारोपणको चक्र बनाउँछ जहाँ सबै जिम्मेवार देखिन्छन् तर जिम्मेवारी लिन कोही तयार हुँदैन। परिणामस्वरूप, राजनीतिक बहस समाधानमुखी नभई आरोपप्रत्यारोपमा सीमित हुन्छ। नीतिगत निरन्तरता कमजोर हुन्छ, विकासका योजनाहरू राजनीतिक परिवर्तनसँगै धरापमा पर्छन् र लोकतन्त्र बलियो बनाउने नाममा जनताले संघर्ष गरिरहनुपर्छ।

महात्मा गान्धीको एउटा प्रख्यात भनाइ छ – "तिमी संसारमा जे परिवर्तन देख्न चाहन्छौ त्यो आफैँ बन।" यसलाई राजनीतिकरूपमा हेर्दा, यसको अर्थ आ नो नैतिकता सुधार्नुमात्र होइन, नागरिकहरू सक्रियरूपमा सहभागी हुनु, संस्थाहरूमा सुधार गर्नु र समाजप्रति जिम्मेवार बन्नु पनि हो। परिवर्तन भनेको सरकार वा नेता फेरिनुमात्र होइन। यो त एउटा यस्तो प्रक्रिया हो जसमा व्यक्ति, संस्था र राज्य तीनै तहमा सुधार हुन जरुरी छ। व्यक्तिको स्तरमा इमानदारी, नैतिकता र जवाफदेही चाहिन्छ, संस्थाको स्तरमा पारदर्शिता, निष्पक्षता र उत्तरदायित्व चाहिन्छ भने राज्यको स्तरमा विधिको शासन, शक्ति सन्तुलन तथा नीतिमा निरन्तरता चाहिन्छ।

कुनै पनि देशको विकास र राजनीतिक स्थिरताका लागि शक्तिशाली नेता वा ठूलाठूला नाराहरूले मात्र पुग्दैन। नागरिकहरू आफूलाई सुधार्न तयार नभएसम्म, राजनीतिक दलहरू परिपक्व नभएसम्म र राज्यका संरचनाहरू पारदर्शी र जवाफदेही नभएसम्म परिवर्तनको आशा गर्नु व्यर्थ हुन्छ। त्यस बेलासम्म परिवर्तन भाषण, घोषणापत्र र चुनावका नारामा मात्रै सीमित हुन्छ। वास्तविक परिवर्तन त्यो समाजमा मात्र सम्भव छ,जहाँ अरूलाई दोष दिनुभन्दा आफूलाई सुधार्ने प्रयास गरिन्छ, आलोचना गर्नुभन्दा योगदान गर्ने भावना राखिन्छ, अधिकार माग्नुभन्दा जिम्मेवारी पूरा गर्ने बानीको विकास हुन्छ, नागरिक र राज्यबीच विश्वासको सम्बन्ध बलियो हुन्छ। त्यसैले, देशलाई बदल्ने यात्रा अरूलाई दोष दिएर होइन हरेक व्यक्ति, संस्था र राज्यले आ नो भूमिका इमानसाथ पूरा गर्ने संस्कृतिबाट सुरु हुन्छ।

त्यसैले कुनै पनि समाजमा परिवर्तनको सबैभन्दा ठूलो बाधा बाहिरी शक्ति वा खराब नेतामात्र होइन सामूहिकरूपमा आलोचना आत्मालोचना गर्ने बानीको कमी पनि हो। जब समाजमा हरेक व्यक्ति आफूलाई समस्याबाट अलग राखेर अरूलाईमात्रै दोष दिन थाल्छ तब लोकतन्त्र एउटा देखावटी संरचनामा सीमित हुन पुग्छ। परिवर्तनको कुरा सामाजिक सञ्जाल, चिया पसल या चुनावी भाषणमा सीमित नभएर व्यवहारमा पनि देखिनुपर्छ। नागरिकले आ नो कर्तव्य बिर्सने, राजनीतिक दलहरूले विचारभन्दा स्वार्थलाई प्राथमिकता दिने र संस्थाहरूले निष्पक्षता गुमाउने हो भने देशको भविष्य अन्योलमा पर्छ। त्यसैले, उत्तरदायित्वको भावना विकास गर्नु आजको सबैभन्दा ठूलो राजनीतिक र सामाजिक आवश्यकता एवं चुनौती हो। (अधिवक्ता हाल संयुक्त अधिराज्य) बाह्रखरीबाट

# वीरगन्ज नाका हुँदै १० महिनामा सात खर्ब ९४ अर्बको सामान भित्रियो

पर्सा, १० जेठ। वीरगन्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु सात खर्ब ९४ अर्ब ८७ करोड मूल्य पर्ने वस्तु तथा समान आयात भएको छ। गत आवको १० महिनाको तुलनामा चालु अवधिको सोही अवधिमा यो नाका हुँदै रु एक खर्ब दुई अर्ब ४४ करोड अर्थात् १५ प्रतिशत बढी सामान भित्रिएको हो। वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी



उदयसिंह विष्टले वीरगन्ज हुँदै हुने आयातमा बढोत्तरी भएको बताए। उनले चालु आवको पेट्रोलियम पदार्थ र फलाम तथा फलामजन्य वस्तुको आयातमा वृद्धि भएको बताए। जबकि गत आवको १० महिनामा भने रु छ खर्ब ९२ अर्ब ४३ करोड मूल्यका वस्तु तथा सामान आयात भएको थियो।

चालु आवको १० महिनामा रु एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको छ। त्यसैगरी, सोही अवधिमा रु ६९ अर्ब ४२ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएको छ। रु ५७ अर्ब ६६ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ। त्यसैगरी रु ५५ अर्ब सात करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ।

# गर्मीमा ताजा र स्वस्थकर जुसको सहज समाधान बन्दै ब्ल्याक डेकरका जुसर र ब्लेन्डर

काठमाडौं, १० जेठ। बढ्दो तापक्रम र प्रि–मनसुनको उकुसमुकुसका कारण अहिले दैनिक कामकाज तथा बाहिरी गतिविधि असहज बन्दै गइरहेका छन्। अत्यधिक गर्मीका कारण शरीरलाई डिहाइड्रेसनबाट जोगाउन र ऊर्जावान् राख्न ताजा तथा झोलिलो पेय पदार्थको आवश्यकता झन् बढेको छ। यही मौसमी आवश्यकता तथा उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै सिजी इलेक्ट्रोनिक्सअन्तर्गतको विश्वप्रसिद्ध ब्रान्ड ब्ल्याक डेकरले अत्याधुनिक जुस एक्स्ट्र्याक्टर तथा ब्लेन्डर नेपाली बजारमा उपलब्ध गराएको छ।

गर्मी छल्न बजारमा पाइने कृत्रिम तथा अत्यधिक चिनीयुक्त पेय पदार्थभन्दा आ नै भान्सामा तयार गरिएको ताजा जुस स्वास्थ्यका लागि लाभदायक हुने भएकाले ब्ल्याक डेकरले उपभोक्ताको दैनिक आवश्यकतालाई सहज र छिटो बनाउन यी प्रिमियम उपकरण डिजाइन गरेको जनाएको छ। कम्पनीका अनुसार, जेईद००–बीप मोडेलको प्रिमियम जुसरमा ८०० वाटको शक्तिशाली मोटर जडान गरिएको छ। यसमा रहेको ७५ एमएमको ठूलो फिडिङ ट्युबका कारण फलफूललाई स–साना टुक्रा नपारी सिँगै राखेर जुस निकाल्न सकिन्छ। यसले भान्साको कामलाई छिटो र सहज बनाउने विश्वास गरिएको छ।

त्यसैगरी एसबीएक्स३००–बीप पर्सनल स्पोर्ट्स ब्लेन्डर विशेषगरी फिटनेसप्रेमी तथा व्यस्त जीवनशैली भएका प्रयोगकर्तालाई लक्षित गरेर तयार गरिएको कम्पनीले जनाएको छ। ३०० वाट क्षमताको यस ब्लेन्डरमा रहेको ५०० एमएल ट्राइटन स्पोर्ट्स बोटलमै स्मुदी बनाएर अफिस वा जिम लैजान सकिने सुविधा रहेको छ।

परिवारका लागि लक्षित बीएक्स६५०जी–बीप मोडेलमा ७०० वाटको हाई–स्पिड मोटर तथा १.७ लिटर क्षमताको सुरक्षित ग्लास जार उपलब्ध छ। यसले एकैपटकमा परिवारका लागि पर्याप्त मात्रामा चिसो पेय पदार्थ तयार गर्न सक्ने कम्पनीको दाबी छ। नेपाली इलेक्ट्रोनिक्स बजारमा चार दशकभन्दा बढी समयदेखि सक्रिय सिजी इलेक्ट्रोनिक्सले देशभर रहेका २८ वटा अत्याधुनिक सिजी डिजिटल तथा एलजी ब्रान्ड शप सोरूम, आधिकारिक बिक्रेता सञ्जाल तथा अनलाइन प्लेटफर्ममार्फत यी उत्पादन उपलब्ध गराइरहेको जनाएको छ।

# दाइजोविरुद्ध अन्तिम साससम्म लड्छु : उपसभामुख ठाकुर




सर्लाही, १० जेठ। उपसभामुख रुबिकुमारी ठाकुरले दाइजो प्रथाविरुद्ध अन्तिम साससम्म संघर्ष जारी राख्ने बताएकी छन्। सर्लाहीको चन्द्रनगर गाउँपालिकामा आयोजित बालविवाह तथा दाइजो प्रथा उन्मूलनसम्बन्धी बृहत् सभालाई सम्बोधन गर्दै उनले छोरा–छोरीबीच समान व्यवहार भए मात्रै समाजबाट दाइजो प्रथा अन्त्य गर्न सकिने बताइन्।

'बाल विवाह जिन्दगी तबाह, दाइजो हटाऔं, छोरी बचाऔं' भन्ने नारासहित आयोजित कार्यक्रममा बोल्दै ठाकुरले दाइजोका कारण विशेषगरी मधेश क्षेत्रमा छोरीमाथि हिंसा बढिरहेको उल्लेख गरिन्। दाइजोको दबाबकै कारण धेरै छोरी र बुहारीले ज्यान गुमाउनुपरेको तथा गर्भमै छोरी हत्या हुने अवस्था समेत देखिएको उनको भनाइ थियो।

मधेशमा दाइजो प्रथा गहिरो रूपमा फैलिएको र यसको असर अहिले देशका अन्य क्षेत्रमा पनि देखिन थालेको उल्लेख गर्दै उनले व्यवहारमा परिवर्तन नआएसम्म यस्ता सामाजिक विकृति अन्त्य हुन नसक्ने बताइन्। छोरीलाई पनि छोरा सरह शिक्षा र अवसर दिनुपर्नेमा जोड दिँदै अभिभावकले बुहारीलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्ने धारणा राखिन्।

कतिपय अभिभावकले अझै पनि छोरीलाई बोझका रूपमा हेर्ने प्रवृत्ति कायम रहेको उल्लेख गर्दै ठाकुरले छोरी अभिशाप नभई वरदान भएको स्वीकार गर्न समाज तयार हुनुपर्ने बताइन्। कार्यक्रममा सर्लाही क्षेत्र नं. १ बाट निर्वाचित सांसद नितिमा भण्डारी कार्की ले दाइजो प्रथा अन्त्यका लागि महिलासँगै युवापुस्ताको सक्रिय भूमिका आवश्यक रहेको बताइन्। कानुनी व्यवस्था र चेतना विस्तार भए पनि व्यवहारमा परिवर्तन आउन नसक्दा धेरै छोरीको जीवन कष्टकर बनेको उनको भनाइ थियो।

गाउँपालिकाका अध्यक्ष राजकुमार महतो ले २० वर्ष पूरा भएपछि मात्रै छोरीको विवाह गर्ने अभिभावकलाई गाउँपालिकाले सम्मान गर्दै आएको जानकारी दिए। उनका अनुसार गाउँपालिकाले पछिल्ला चार वर्षदेखि कक्षा १२ उत्तीर्ण गरी २० वर्षपछि विवाह गर्ने छोरीलाई ५० हजार रुपैयाँ प्रोत्साहनस्वरूप उपलब्ध गराउँदै आएको छ।

त्यस्तै, कक्षा १२ पछि स्नातक अध्ययन गर्ने छोरीलाई ११ हजार रुपैयाँ सहयोग दिने व्यवस्था गरिएको उनले बताए। हालसम्म १५७ जना छोरीलाई ५० हजार रुपैयाँ तथा १९७ जनालाई ११ हजार रुपैयाँ सहयोग उपलब्ध गराइसकिएको गाउँपालिकाले जनाएको छ। कार्यक्रममा ३५४ जना छोरी तथा उनीहरूका परिवारलाई उपसभामुख ठाकुरको हातबाट सम्मान गरिएको थियो।

# जीतपुर सिमरामा हावाहुरीले ४५ घरमा क्षति



बारा, १० जेठ। शनिबार राती आएको हावाहुरीले जीतपुरसिमरा उपमहानगरका ४५ घरमा क्षति पुऱ्याएको छ। जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल, उपप्रमुख भोला अधिकारीसहित उपमहानगरको नगर प्रहरीको टोलीले आइतबार स्थलगत अवलोकन गरी ४५ घरमा पूर्ण तथा अन्य केही घरमा आंशिक क्षति पुगेको जानकारी दिएको हो। अमलेखगञ्ज–चकरी खण्डमा हावाहुरीले रुख ढलेपछि आवागमन बन्द भएको थियो। आइतबार उपमहानगरको नगर प्रहरीले रुख पन्छाएर बाटो खोलेको उपमहानगरले जनाएको छ।

जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिका जोड्ने चकरी–डम्बरपुर खण्डमा रुख ढलेकाले सडक र विद्युत् पूर्ण रूपमा बन्द भएको थियो। कतिपय रुखहरू जरैदेखि ढलेकाले बारामा केही वर्ष अघि आएको टोर्नाडोकै झल्को दिने हावाहुरी देखिएको नगरप्रमुख पौडेलले बताए। 'कतिपय रुख जरैदेखि ढलेको छ, हावाहुरी अत्यन्तै शक्तिशाली टोर्नाडो जस्तो देखियो' पौडेलले सञ्चारकर्मीहरूसँग भने।

हावाहुरीका कारण भएको क्षतिको विषयमा उपमहानगरपालिकाले विवरण संकलन सुरु गरेको छ। यता डिभिजन वन कार्यालय बाराले पनि शनिबार आएको हावाहुरीले धेरै रुख ढलेको बताए। बारा ४ का संघीय सांसद रहबर अन्सारीले पनि हावाहुरी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेका थिए। अवलोकन पश्चात् संघीय सांसद अन्सारीले क्षतिको मूल्यांकन गरेर स्थानीय र प्रदेश सरकार मार्फत तत्कालका लागि राहत उपलब्ध गराउन पहल गर्ने बताए।

# बागमतीमा डुबेर दुई युवक बेपत्ता

सर्लाही, १० जेठ। सर्लाही, रौतहट, सिन्धुली र मकवानपुर गरी चार जिल्लाको सीमा क्षेत्रस्थित बागमती नदीमा डुबेर दुई युवक बेपत्ता भएका छन्। शनिबार अपरान्ह ४ बजेदेखि सर्लाहीको लालबन्दी नगरपालिका ५ का २१ वर्षीय गणेश महतो र लालबन्दी नगरपालिका ९ का १८ वर्षीय रोहित महतो बागमती नदीमा डुबेर बेपत्ता भएका हुन्। नदीमा डुबेर बेपत्ता युवकहरुको आइतबार बिहानसम्म अवस्था अज्ञात रहेको छ।

दुई युवक मकवानपुरतर्फ पर्ने पुल क्षेत्रबाट सिन्धुलीतर्फको बाटो हुँदै सर्लाही आएर बागमती तर्नेक्रममा डुबेर बेपत्ता भएका हुन्। अन्य तीन जना युवक बागमतीमा पौडी खेलेर रौतहटको नुनथरतर्फ निस्कन सफल भए पनि रोहित र गणेश भने बेपत्ता भएका हुन्। यस क्षेत्रमा नुहाउन तथा पौडी खेल्न जानेक्रममा पटक पटक मानिसको मृत्यु हुने गरेको छ। बारम्बार दुर्घटना हुने छाडेको छैन्। बेपत्ता युवकको परिवारले उनीहरुको खोजीमा स्थानीय प्रशासनबिच प्रभावकारी समन्वय नभएको गुनासो गरेका छन्।

दुई युवक बेपत्ता भएदेखि नै बागमती पुगेका लालबन्दीका स्थानीय प्रशान्त आचार्यले

–बाँकी अन्तिम पेजमा

# घरेलु उद्यम र कृषिबाट आत्मनिर्भर बन्दै सप्तरीका महिला



**विनय कर्ण**

सप्तरी, १० जेठ। सप्तरीको दुईवटा पालिकाका दुईहजार भन्दाबढी महिला घरेलु उद्यम तथा सीपमूलक व्यवसायमा लागेर आत्मनिर्भर बन्न अग्रसर देखिएका छन्। जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका र छिन्नमस्ता गाउँपालिकाका गरी दुईहजार पाँच सय महिला कृषि, घरेलु उद्यम तथा सीपमूलक व्यवसायमा लागेर आत्मनिर्भर बन्न अग्रसर देखिएको हो।

कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आईएफएडी) र विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) को साझेदारीमा सप्रोस नेपालले दुबै पालिकामा सञ्चालन गरेको ग्रामीण महिला आर्थिक सशक्तीकरण कार्यक्रमको शनिबार सञ्चारकर्मीहरुको एक टोलीले स्थलगत अनुगमन गर्दा सो कार्यक्रम अन्तर्गत महिलाहरुको आर्थिक अवस्थामा सुधार हुनुका साथै स्वरोजगार तथा आयआर्जनमुखी गतिविधिमा लागेर आत्मनिर्भर बन्न अग्रसर रहेको पाईएको हो।

दुबै पालिकाका दुईहजार महिला र दुईसय पुरुष गरी दुईहजार सातसय जना लाई विभिन्न समूहमा आबद्ध गरी कृषि, घरेलु उद्यम तथा सीपमूलक व्यवसायमा संलग्न गराइएको सप्रोस नेपालका टिम लिडर तथा कृषि विज्ञ चन्दन केसीले जानकारी दिनुभयो। उहाँले महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले पुष्प खेती तालिम, तरकारी खेती प्रवर्द्धन, प्राविधिक सहयोग, माटेको ग्लास तथा भाँडा बनाउने सीप विकास तालिम, व्यावसायिक साक्षरता, क्षमता अभिवृद्धि तथा लैंगिक कार्य सिकाइ पद्धतिसम्बन्धी व्यवहारिक तालिम दिएर सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो।

'२ सय २५ जना अति विपन्न भूमिहीनलाई व्यवसाय गर्नमा सहयोग गरेको र १ हजार ५ सय जनालाई व्यवसायिक खेती तर्फ लग्ने लक्ष्य रहेको छ' उहाँले भन्नुभयो। तालिम लिएर घरमै माटेको कप बनाई बेचेर मासिक ५० हजारको आम्दानी हुने गरेको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ३ की २० वर्षीय आरती पंडितले बताउनुभयो। यस्तै सोही गाउँपालिका वडा नम्बर ५ की ३७ वर्षीय जसो कुमारी महतो तरकारी खेती गरेर पाँच जनाको परिवार पालिरहेको सुनाउनुभयो।


तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर ३ की आशा देवी राय तरकारी खेतीबाट मासिक १५ हजार आम्दानी भईरहेको बताउनुभयो। सोही गाउँपालिका वडा नम्बर ५ की कोशीला देवीले सीप सिकेपछि सिलाई कटाईको काम गरेर स्वरोजगारमा लागेको सुनाउनुभयो।

सप्रोस नेपालका सप्तरी जिल्ला संयोजक बिमला न्यौपानेका अनुसार छिन्नमस्ता गाउँपालिकाको वडा नम्बर ३ र ५ मा ४१ वटा तथा तिलाठी कोइलाडी गाउँपालिकाको वडा नम्बर ३, ४ र ५ मा ४९ वटा गरी ९०

–बाँकी अन्तिम पेजमा

# पहिलो पटक मधेशकेन्द्रित दल सत्ताबाहिर



**धर्वेन्द्र झा**

जनकपुरधाम, १० जेठ। प्रदेश गठन भएको करिब नौ वर्ष पुग्न लाग्दा मधेश प्रदेशमा पहिलो पटक मधेशवादी दल सरकारभन्दा बाहिर पुगेका छन्। यसअघि विभिन्न चरणमा बनेका सरकारमा कुनै न कुनै मधेशवादी दलको सहभागिता सदैव रहँदै आएको थियो।

२०७४ सालको चुनावपछि तत्कालीन संघीय समाजवादी फोरम नेपाल (जनता समाजवादी पार्टी नेपाल) ले मधेश प्रदेश सरकारको नेतृत्व गरेको थियो। जसपा नेपालका नेता लालबाबु राउत मुख्यमन्त्री रहेको सो सरकार पाँच वर्ष अर्थात् पूरा कार्यकाल चलेको थियो। सो सरकारमा तत्कालीन मधेशकेन्द्रित सबै दल सहभागी थिए। २०७९ को चुनावपछि पुनः फोरमकै नेतृत्वमा सरकार बन्यो। मधेश प्रदेशका प्रदेश सभा सदस्य सरोजकुमार यादव (बारा) ले सो सरकार नेतृत्व गर्नुभएको थियो। दुई वर्ष नबित्दै सरकार ढलेको थियो। त्यस सरकारको नेतृत्व जनमत पार्टीले गरेको थियो। जनमत पार्टीका नेता सतीशकुमार सिंहले २०८१ जेठ २५ गते मुख्यमन्त्रीमा शपथ लिनुभएको थियो।

सो सरकारमा जसपा नेपाल सहभागी भएन। महन्थ ठाकुर नेतृत्वको तत्कालीन लोकतान्त्रिक पार्टी सहभागी भएको थियो। भदौ २३ र २४ गते भएको आन्दोलनका कारण जनमत पार्टीले आ ना मुख्यमन्त्री सिंहलाई फिर्ता बोलाएपछि तत्कालीन लोसपा नेपालका प्रदेश सभा सदस्य जितेन्द्र सोनल २०८२ असोज ३० गते मुख्यमन्त्रीमा शपथ लिनुभएको थियो। त्यसमा जसपा नेपाल, जनमत पार्टी पनि सहभागी थियो भने नागरिक उन्मुक्ति पार्टीको समर्थन थियो। तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत नपाउने भएपछि राजीनामा दिनुभएको थियो।

तर अर्को मुख्यमन्त्री चयनमा विलम्ब भइरहेको भन्दै कांग्रेस, नेकपासहित मधेशकेन्द्रित दल आन्दोलनमा थिए। आन्दोलन चलिरहेकै बेला एमालेका प्रदेश सांसद सरोज यादवले महोत्तरीको एक कटेजमा २०८२ कात्तिक २३ गते बिहान मुख्यमन्त्रीमा शपथ लिनुभएको थियो तर त्यो सरकारमा मधेशकेन्द्रित दल कोही पनि सहभागी भएनन्। सरकारविरुद्ध आन्दोलनका साथै सर्वोच्च अदालतसम्म धाए। अन्ततः विश्वासको मत नपाएपछि एक महिना नपुग्दै सरोज यादव सरकारबाट हट्नुभएको थियो।

त्यसपछि २०८२ मङ्सिर २१ गते कांग्रेसका प्रदेश सभा सदस्य कृष्ण यादवको नेतृत्वमा सरकार गठन भएको थियो। सो सरकारमा जसपा नेपाल, लोसपा नेपाल, जनमत पार्टी पनि सहभागी थिए। गत वैशाख २१ गते जनमत पार्टीले सरकारबाट समर्थन लिएको थियो। जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्ण यादवले जेठ ८ गते विश्वासको मत लिँदा जसपा नेपालका मन्त्रीलाई मन्त्रीपरिषद्को सदस्यबाट हटाउनुभएको थियो भने जनमत पार्टीका दुई जना मन्त्रीले राजीनामा दिनुभएको थियो। जबकि जसपा नेपालले वर्तमान सरकारलाई समर्थन गर्ने निर्णय गरेको थियो तर मुख्यमन्त्री कृष्ण यादवले जसपा नेपाललाई पनि सरकारमा राख्नुभएन। यसरी पहिलो पटक मधेश प्रदेशको सरकारमा मधेशकेन्द्रित दल सरकारमा सहभागी छैनन्।

जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबिच एकता भएपछि केन्द्रमा विकसित राजनीतिक परिस्थितिका कारण देशका तीन ठुला दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच नयाँ समीकरण बन्यो। सोही समीकरण अनुसार मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट विश्वासको मतसमेत प्राप्त गरिसक्नुभएको छ।

प्रदेश सभाको पहिलो निर्वाचनमा मधेशवादी दलहरूले राम्रो नतिजा ल्याएपछि दुई प्रमुख मधेशवादी दलको गठबन्धनमा पूर्ण बहुमतको सरकार बनेको थियो। तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले आ नो पाँचबर्से कार्यकाल सफलतापूर्वक सम्पन्न गरे पनि प्रदेश सभाको दोस्रो कार्यकालमा गठन भएका सरकार भने टिकाउ हुन सकेका छैनन्।

**दलीय विचलन**

राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाका अनुसार राष्ट्रियदेखि क्षेत्रीय पार्टीसम्मका नेताले देश र जनताप्रतिको प्रतिबद्धता बिर्सिएका कारण मुलुकमा राजनीतिक अस्थिरता बढेको हो। मधेश प्रदेशमा पनि मधेशवादी दलले आ नो सिद्धान्त बिर्सिएकै कारण यो अवस्था सिर्जना भएको उहाँले बताउनुभयो। डा. झाले भन्नुभयो, "केन्द्रमा जस्तै मधेश प्रदेशमा पनि मधेशवादी दल कहिले कांग्रेस त कहिले एमालेसँग मिलेर सरकार गठनमा मात्र केन्द्रित भए। जनतासँग गरिएका प्रतिबद्धता पूरा नगरेकै कारण गत निर्वाचनमा उनीहरूको जनमतसमेत खुम्चिँदै गयो।"

यता जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमन्त्री चन्दन सिंहले सत्तामा जानु र बाहिरिनु राजनीतिमा सामान्य प्रक्रिया भएको टिप्पणी गर्नुभयो। गणितीय अङ्कका आधारमा तीन ठुला दलबिच बहुमत पुगेपछि मधेशवादी दल बाहिरिनु परेको स्वीकार गर्दै उहाँले पहिचानवादी दललाई बाहिर राखेर सरकार सञ्चालन गर्न भने सहज नहुने दाबी गर्नुभयो। नेता सिंहले संघीयताका पक्षधर हरेक दल अहिलेको आवश्यकता अनुसार एक ठाउँमा आउनुपर्नेमा जोड दिनुभयो।

नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले मधेशवादी दलका नेता आफैँ सरकार गिराउने र बनाउने खेलमा लागेका कारण सत्ताबाट बाहिरिनु परेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "कांग्रेस नेतृत्वको सरकारमा जसपा नेपाल र जनमत पार्टी सहभागी रहेर पनि सरकार गिराउने खेलमा लागे। त्यसैले परिस्थितिवश कांग्रेस, एमाले र माओवादीबिच नयाँ समीकरण निर्माण गरी सरकार गठन गर्नु परेको हो।" वर्तमान संघीय सरकारले संसदीय व्यवस्थालाई ध्वस्त पार्न लागेपछि संविधान निर्माण गर्ने प्रमुख दल एक ठाउँमा उभिएको उहाँको दाबी छ। यसै गरी नेपाली कांग्रेसका नेता एवं प्रदेश सभा सदस्य रामसरोज यादवले जनताको काम गर्नुभन्दा पनि मधेशवादी दलका नेता मन्त्री बन्न लालायित हुने र सत्ताका लागि जे पनि गर्ने परिपाटीले गर्दा मधेश प्रदेशमा यस्तो अवस्था आएको बताउनुभयो।

# सोह्र जना उम्मेदवार धरौटी फिर्ता पाउनयोग्य

राजविराज, १० जेठ। जिल्ला निर्वाचन कार्यालय सप्तरीले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा जिल्लाका १६ जना उम्मेदवार धरौटी रकम फिर्ता पाउनयोग्य भएको जनाएको छ। सो धरौटी रकम १५ दिनभित्र फिर्ता नलिएमा जफत हुने जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ताका क्रममा राखेको धरौटी रकममध्ये जफत नहुने उम्मेदवारले आवश्यक कागजातसहित कार्यालयमा निवेदन दिनुपर्ने जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिनुभयो। धरौटी रकम फिर्ता लिन आउँदा उम्मेदवारी दर्ताको रसिद, परिचयपत्रको प्रतिलिपि, नागरिकता प्रमाणपत्र, प्यान नम्बर तथा चेकको प्रतिलिपि अनिवार्य गरिएको उहाँले बताउनुभयो।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा सप्तरीमा कुल १०२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए। निर्वाचन क्षेत्र नं. १ देखि ४ सम्मबाट विभिन्न दलका १६ जना उम्मेदवार तथा स्वतन्त्र उम्मेदवार धरौटी फिर्ता पाउनयोग्य बनेका छन्।

निर्वाचन क्षेत्र नं. १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पुष्पाकुमारी चौधरी, नेकपा (एमाले) का सुमनराज प्याकुरेल र स्वाभिमान पार्टीका सुमितकुमार फिर्ता पाउने सूचीमा पर्नुभएको छ। क्षेत्र नं. २ बाट जनता समाजवादी पार्टी नेपालका उमेशकुमार यादव, रास्वपाका रामजी यादव र जनमत पार्टीका चन्द्रकान्त राउत, क्षेत्र नं. ३ बाट नेपाली कांग्रेसका दिनेशकुमार यादव, जनता समाजवादी पार्टी नेपालका उपेन्द्र यादव र रास्वपाका अमरकान्त चौधरीको क्षेत्र नं. ४ बाट रास्वपाका सीताराम साह, जनता समाजवादी पार्टी नेपालका डा. बबी सिंह र नेपाली कांग्रेसका तेजुलाल चौधरी धरौटी फिर्ता पाउने उम्मेदवारमा परेको कार्यालय प्रमुख जोशीले जानकारी दिनुभयो।

यस्तै क्षेत्र नं. ४ का स्वतन्त्र उम्मेदवार सुरेन्द्रप्रताप साह र कृतिनन्द चौधरीले उम्मेदवारी फिर्ता लिएका कारण उनीहरू पनि धरौटी रकम बुझ्नयोग्य भएका छन्। क्षेत्र नं. १ का सागरकुमार चौधरी र क्षेत्र नं. ४ का ताराप्रसाद तिमिल्सिनाको उम्मेदवारी बदर भएका कारण धरौटी रकम फिर्ता पाउने सूचीमा पर्नुभएको उहाँले बताउनुभयो।

प्रमुख जोशीका अनुसार सप्तरीका चार वटै निर्वाचन क्षेत्रबाट तीन/तीन जना उम्मेदवार धरौटी फिर्ता पाउनयोग्य भएका छन्। त्यसबाहेक दुई जनाको उम्मेदवारी बदर भएको तथा दुई जनाले उम्मेदवारी फिर्ता लिएका कारण उनीहरू पनि धरौटी रकम बुझ्नयोग्य रहेको उहाँले बताउनुभयो।

"चुनावी प्रतिस्पर्धामा रहेका उम्मेदवारमध्ये मतगणना अनुसार सदर मतको १० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवारले मात्रै धरौटी रकम फिर्ता पाउने कानुनी व्यवस्था छ," प्रमुख जोशीले भन्नुभयो, "धरौटी रकम बुझ्नका लागि १५ दिने सूचना जारी गरेका छौँ। तोकिएको समयभित्र नआए रकम राजस्व (जफत) खातामा जम्मा हुने छ, त्यसपछि दाबी गर्न पाइने छैन।" अहिलेसम्ममा तीन जनाले धरौटी रकम फिर्ताको लागि निवेदन गरिसकेको उहाँले जानकारी दिनुभयो। निर्वाचन कार्यालयले तोकिएको अवधिभित्र सम्पर्क गरी प्रक्रिया पूरा गर्न सम्बन्धित उम्मेदवारलाई आग्रह पनि गरेको छ। निर्वाचनको अन्तिम मतगणना सम्पन्न भएको मितिदेखि ९० दिनभित्र धरौटी रकम फिर्ता पाउन सकिने कानुनी प्रावधान रहेको छ।

## बागमतीमा ...

युवकहरुको तत्काल खोजी गर्नुपर्नेमा एक जिल्लाले अर्को जिल्लालाई देखाउने काम मात्र भइरहेको गुनासो गर्नुभएको छ। शनिबार साँझपख सर्लाही र रौतहटतर्फका प्रहरीले खोजी गरे पनि आइतबार बिहान ९ बजेसम्म गोताखोरसहितको प्रहरी परिचालन हुन नसकेको उहाँले बताउनुभयो। रौतहटको प्रहरी चौकी पौराहीमा रहेका आचार्यले बिहानैदेखि गोताखोर परिचालन हुने भनिए पनि अहिलेसम्म अत्तोपत्तो नरहेको गुनासो गर्नुभएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी एवं प्रहरी निरीक्षक रोहित शर्माले प्रहरी चौकी पौराही र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको टोली बेपत्ता युवकहरुको खोजी लागिरहेको बताउनुभएको छ। उहाँले घटनास्थल मकवानपुरतर्फ पर्ने बताउनुभयो। सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सरोज राईले इलाका प्रहरी कार्यालय बागमतीसहितको प्रहरी युनिटले बेपत्ता युवकहरुको खोजी गरिरहेको जानकारी दिनुभयो।

स्थानीय प्रशासनबिच समन्वय नहुँदा बेपत्ता युवकको खोजीका लागि एकले अर्को जिल्लालाई देखाउने काम भइरहेको छ।

## घरेलु उद्यम...

वटा महिला समूह गठन गरेर कार्यक्रम सञ्चालन भइरहेको छ। कार्यक्रम अन्तर्गत ११ जना महिलालाई माटोको भाँडा तथा ग्लास बनाउने मेसिन समेत सहयोग गरिएको उहाँले जानकारी दिनुभयो।

दुबै पालिकाका ९० वटै समुहका महिलाहरुलाई आत्मनिर्भर बनाउन तालिम, प्राविधिक सहयोग र आर्थिक सहयोग गरिरहेको सप्रोस नेपालका व्यवसायी विकास सहजकर्ता रुपेश सदायको भनाई छ। दुईवटै पालिकामा गरिएको संयुक्त आनुगमनमा सप्रोस नेपालका पोषण अधिकृत नविता चौधरी, तिलाठी कोईलाडी गाउँपालिकाका कार्यक्रम स्रोत व्यक्ति राजेश झा, संचारकर्मीहरु नवीन गुप्ता, चन्दन यादव, प्रवेश मिश्र सहित सप्रोस नेपालका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।


सुन, गुन, बिचार गर
"होइन" भन नशा र दुर्व्यसनलाई
"हो" भन घरपरिवार अनि भविष्यलाई।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम



छुवाछुत एक सामाजिक अपराध र
मानव अधिकारको हनन् हो।


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)